# ग्रिसेली-रोमेली भाषिक तथा व्याकरणिक चिन्तन परम्पराको चर्चा

✍ देवीप्रसाद गौतम
(सहायक प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस)

**सार**

ल्याटिन भाषाको दुई शब्दहरु डेमोस (Demos) र क्रेटस (Kratos) मिलेर डेमोक्रेटिया (Demokratia) बनेको हो जसलाई अंग्रेजीमा डेमोक्रेसी (Democracy) भनिन्छ । डेमोस को अर्थ  जनता र क्रेटस को अर्थ शक्ति/शासन हो । तसर्थ डेमोक्रेसीको अर्थ जनशक्ति/जनताको शासन हो । प्रजातन्त्रको प्रारम्भिक अभ्यास प्राचीन ग्रीसको एथेन्स नगरमा भएको वर्णन प्लेटोको प्रसिद्ध पुस्तक द रिपब्लिक (The Republic) र अरस्तुको प्रसिद्ध पुस्तक द पोलिटिक्स (The Politics) मा गरिएको पाइन्छ । प्रजातन्त्र वा लोकतन्त्र जे भने पनि यि दुबैलाई अंग्रेजीमा डेमोक्रेसी नै भनिन्छ । यि दुबैको अर्थ र उद्धेश्य पनि एउटै नै हो । अहिलेको आधुनिक समयमा प्रत्येक राज्य आफुलाई प्रजातान्त्रिक राज्य भनेर घोषित गर्न चाहन्छ । प्रजातन्त्र आधुनिक युगको माग हो । यसका लागि विश्वमा कैयौ क्रान्तिहरु भईसकेका छन् ।

आधुनिक समयमा प्रजातन्त्रको महत्व दिनप्रतिदिन बढ्दै गईरहेको पाइन्छ । प्रजातन्त्रमा महत्वपूर्ण भुमिका त्यस देशका नागरिक, राजनीतिक दल, निर्वाचन प्रणाली, नागरिक समाज, जनउत्तरदायी सरकार, संचार जगत आदिको रहेको हुन्छ । संसारमा भएका प्रजातान्त्रिक आन्दोलनको परिप्रेक्ष्यमा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास त्यति लामो छैन । वास्तवमा नेपालको प्रजातान्त्रिक आन्दोलनको शुरुवात राणा परिवारको मनपरितन्त्र र जनता पक्षले चाहेको जस्तो शासन व्यवस्था प्राप्तीका लागि भएको आन्दोलनबाट भएको पाईन्छ । लोकसम्मति र जनचाहना अनुसार संचालन हुनुपर्ने शासन व्यवस्था एकतन्त्रिय तथा पारिवारिक स्वार्थबाट प्रेरित हुन थाल्यो फलस्वरुप जनताले आृनो हक स्थापनार्थ कालक्रम अनुसार हतियार सहित तथा हतियार विहिन आन्दोलनको थालनी गर्नु पर्‍यो । जसको फलस्वरुप वि. सं. २००७ साल फागुन ७ गतेका दिन १०४ वर्षको जहाँनिया राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना भएको हो तसर्थ हरेक वर्षको फागुन ७ गतेलाई राष्ट्रिय प्रजातन्त्र दिवसको रुपमा मनाउदै आइरहेको पाइन्छ ।

प्रजातन्त्रका लागि नेपाली जनताहरुले जनआन्दोलन गर्दै आईरहेको र उनिहरुको वलिदानद्वारा नेपालमा प्रजातन्त्र स्थापित हुन सफल भएको इतिहास जिवितै छ । प्रजातन्त्रदेखि लोकतन्त्र हुँदै

गणतन्त्रसम्म आई पुग्दा पनि नेपाली जनताहरुको जिवनस्तरमा सुधारको सट्टामा गिरावट आउनु, अर्न्तराष्ट्रिय जगतमा नेपालको छवी तथा विश्वासनीयतामा कमी आउनु, देशको शासन संचालन विदेशीहरुको इशारा र स्वार्थ अनुसार हुनु, दक्ष र युवा जनशक्तिलाई बैदेशिक रोजगारीमा जान बाध्य बनाउने अवस्थालाई बढ्दो क्रममा निरन्तरता दिनु, जस्ता गैर जिम्मेवार कार्यहरु देशका प्रमुख शासक वर्ग तथा राजनीतिक दलका नेताहरु द्वारा गरिनुले प्रजातन्त्र/ लोकतन्त्र वा गणतन्त्र जे भनेता पनि यि शब्दहरु खाली शाब्दिक झेल र हामी नेपाली जनताहरुले बुझ्न नसकेको खेल हुन भनेर भन्दा फरक नपर्ला ।

**शब्दकुञ्जी** : आन्दोलन, प्रजातन्त्र, संविधान, जनशक्ति, हिमायती ।

**परिचय**

मानव सभ्यताको इतिहासको उद्‌गम स्थल युनानको ल्याटिन भाषाको दुई शब्दहरु डेमोस ९म्झयक० र क्रेटस ९प्चबतयक० मिलेर डेमोक्रेटिया (म्झयपचबतष्ब) बनेको हो जसलाई अंग्रेजीमा डेमोक्रेसी ( म्झयअचबअथ) भनिन्छ । डेमोस को अर्थ जनता र क्रेटस को अर्थ शक्ति/शासन हो । तसर्थ डेमोक्रेसीको अर्थ जनशक्ति/जनताको शासन हो । डेमोक्रेसी शब्दको प्रयोग अहिले मात्र भएको हैन यो शब्दको प्रयोग आजभन्दा २५०० वर्ष अगाडि हेरोडोट्सले आनो रचना इक्सोनोमिया ९भ्अपकयलफष्ब० मा गरेका थिए ।

प्रजातन्त्रको प्रारम्भिक अभ्यास प्राचीन ग्रीसको एथेन्स नगरमा भएको वर्णन प्लेटोको प्रसिद्ध पुस्तक द रिपब्लिक ९तजभ च्भउगदष्अि० र अरस्तुको प्रसिद्ध पुस्तक द पोलिटिक्स ९तजभ एयष्तिष्अक० मा गरिएको पाइन्छ । अन्तिम अधिकार जनतामा निहित तथा राज्यको बहुसंख्यक जनताको प्रतिनिधीहरुद्वारा गरिने शासनलाई प्रजातन्त्र भनिन्छ । राज्यको सर्वोच्च शक्ति जनतामा निहित शासन व्यवस्थालाई प्रजातन्त्र भनिन्छ ।

(थापा,२०६६) । प्रजातन्त्रको बारेमा अब्राहम लिंकनले दिएको विश्व प्रसिद्ध परिभाषा यस प्रकार छ ।

“जनताको, जनताद्वारा, जनताकै निमित्त गरिने शासन प्रजातन्त्र हो” ू म्झयअचबअथ ष्क नयचखभचलकभलत या तजभ उभयउभि, दथ तजभ उभयउभि, बलम ायच तजभ उभयउभू ( ब्दचबजक ीष्लअयलि

जनता स्वयम् मैदानमा उत्रेर शासन गर्ने व्यवस्थालाई प्रत्यक्ष प्रजातन्त्र भनिन्छ । पहिले नगर राज्य हुँदा मात्र प्रत्यक्ष प्रजातन्त्र सम्भव थियो । आवश्यक परेको खण्डमा सबै नागरिकहरु तुरुन्त एकै ठाउँमा भेला भएर निर्णय गर्दथे । स्वीजरल्याण्डका केहि प्रान्तहरु र अमेरिकाका केही ठाउँहरुमा प्रत्यक्ष प्रजातन्त्रको अभ्यास भएको पाइन्छ भने आधुनिक युगमा प्रत्यक्ष प्रजातन्त्रको सम्भावना छैन । जनताका

प्रतिनिधीहरुद्वारा गरिने शासन व्यवस्थालाई अप्रत्यक्ष प्रजातन्त्र भनिन्छ । दुबै प्रजातन्त्रका आ-आफ्नै स्वरुपहरु छन भने अहिलेको समयमा विश्वका अधिकांश प्रजातान्त्रिक देशहरुमा जनताका प्रतिनिधीहरुद्वारा गरिने शासन व्यवस्था (अप्रत्यक्ष प्रजातन्त्र) प्रचलनमा रहेको पाइन्छ । प्रजातन्त्र खाली शासन प्रणाली मात्र नभएर प्रजातन्त्र समाज र आर्थिक व्यवस्थाको एक विशेष रुप पनि हो । प्रजातन्त्रमा बहुमतको सम्मान साथै अल्पसंख्यकको मौलिक हकको संरक्षण समेत गरिएको हुन्छ । स्वतन्त्रता, समानता, भातृत्व र शक्ति सम्पन्न जनता प्रजातन्त्रको प्रमुख आधारहरु हुन (रेग्मी, २०५३) ।

प्रजातन्त्रलाई विकासको मेरुदण्डको रुपमा पनि लिन सकिन्छ तर जहाँ यसको सैदान्तिक पक्षलाई व्यवहारिकतामा प्रयोग गरेको पाइन्छ । प्रजातन्त्र वा लोकतन्त्र जे भनै पनि यि दुबैलाई अंग्रेजीमा डेमोक्रेसी नै भनिन्छ । यि दुबैको अर्थ र उद्धेश्य पनि एउटै नै हो । अहिलेको आधुनिक समययमा प्रत्येक राज्य आफुलाई प्रजातान्त्रिक राज्य भनेर घोषित गर्न चाहान्छ । प्रजातन्त्र आधुनिक युगको माग हो । यसका लागि विश्वमा कैयौ क्रान्तिहरु भईसकेका छन् । प्रजातन्त्रमा संप्रभुता/सर्वोच्च सत्ता तथा अन्तिम अधिकार जनतामा निहित हुन्छ । प्रजातन्त्र विश्वमा लोकप्रिय तथा सर्वोकृष्ट व्यवस्थाको रुपमा स्थापित भएको पाइन्छ । प्रजातान्त्रिक साशन व्यवस्थापनमा राज्यको कार्यमा बहुसंख्यक जनताहरुले सहभागिता जनाएको पाइन्छ । आधुनिक समयमा प्रजातन्त्रको महत्व दिप्रतिदिन बढ्दै गईरहेको पाइन्छ । प्रजातन्त्रमा महत्वपूर्ण भुमिका त्यस देशका नागरिक, राजनीतिक दल, निर्वाचन प्रणाली, नागरिक समाज, जनउत्तरदायी सरकार, संचार जगत आदिको रहेको हुन्छ । जर्ज वासिङटनलाई आधुनिक प्रजातन्त्रको पिता भनेर चिनिन्छ (पोखरेल, २०६३) ।

प्रजातन्त्रको सफलताको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, स्वतन्त्रता, समानता, भातृत्व, जनतामा चेतना, मताधिकारको सदुपयोग, राजनीतिक दलहरुको सहभागिता, अल्पसंख्यकको सम्मान, संचार क्षेत्रको उपस्थिती आदि आवश्यक शर्तहरु हुन । आजको विश्वमा प्राय: सम्पूर्ण देशहरुले विश्वको सर्वोत्कृष्ट शासन व्यवस्था : प्रजातान्त्रिक शासन व्यवस्थालाई अंगिकार गरेको पाइन्छ । यो व्यवस्थामा जनताद्वारा निर्वाचित/ चुनिएका जनप्रतिनिधीहरुद्वारा राज्य संचालन गरिन्छ । कानुनको शासन, व्यक्तिगत स्वतन्त्रता, समानता, जनताका प्रतिनिधीद्वारा संचालित शासन, आलोचनाको स्वतन्त्रता, जनताको भावनाको उच्च कदर, बहुमतको शासन, जनउत्तरदायी सरकार, राज्यका तीन अंËहरुबीच शक्ति सन्तुलन तथा शक्तिको पृथकीकरण आदि प्रजातन्त्र/लोकतन्त्रका प्रमुख विशेषताहरु हुन । प्रजातन्त्र/लोकतन्त्र मात्र संसारमा यस्तो व्यवस्था हो जहाँ हजारौं विचार र सिर्जनाले फुल्ने र फल्ने मौका पाउँदछन (ढकाल, २०६८) ।

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास राणा शासनको उत्तरार्द्धमा राणा विरोधी आन्दोलनको रुपमा शुरु भएको पाईन्छ । निश्चित राजनीतिक उद्देश्य प्राप्तिका लागि चन› शमशेरको शासनकालमा भएको राणा विराधी आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको सुरुवातको अवस्था मान्न

सकिन्छ (मानन्धर, २०४८) । यसरी चन्› शमशेरको शासनकालदेखि शुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह/अवरोह पार गर्दै लोकतान्त्रिक, संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको विन्दुमा आई पुगेको हो । लोकतान्त्रिक संघीय गणतन्त्र स्थापना भएको पनि १६ वर्ष नाघी सक्यो तर पनि नेपाल र नेपालीको उन्नती, प्रगती तथा राष्ट्रिय विकासका मुद्धामा राज्यका प्रमुख अंगहरु विच समन्वय, सहकार्य र सामुहिक प्रयासको अभावका कारण नेपाली जनताहरुले वास्तवमा नै प्रजातन्त्रको आभाष महसुस गर्न नपाएको व्यापक जन गुनासो पाईन्छ । शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तलाई व्यवहारमा उर्तान नसक्नु पनि शासक वर्गको अर्को ठुलो कमजोरी रहेको पाईन्छ ।

व्यवस्थापिका र कार्यपालिकाको भुमिका तथा जिम्मेवारीमा एउटै व्यक्ति रहनु, न्यायपालिकामा राजनीतिक भाग वण्डाका आधारमा न्यायाधिशहरुको नियुक्ती गरिनु, संचार क्षेत्र राजनीतिक दलको छत्रछाँया भित्रै रमाउनु तथा स्थानीय सरकारमा त एउटै व्यक्ति व्यवस्थापिका, कार्यपालिका र न्ययापालिकाको सदस्य साथै जिम्मेवारीमा वस्ने कानुनी प्रावधान हुनु नै प्रजातान्त्रिक व्यवस्थाको लागि अर्को दुर्भाग्य बन्न पुगेको छ । जबसम्म राज्यका यि प्रमुख अंगहरुले आृनो कर्तव्य र दायित्वको वोध गरेर ईमान्दारीताका साथ कार्य गर्दैनन् तबसम्म प्रजातन्त्र केवल कागजी शब्दको रुपमा मात्र कैद रहि रहने छ भन्दा कुनै अयुक्ति नहोला ।

**उद्देश्य**

(क) नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलनहरुको जानकारी गराउनु ।

(ख) नेपालमा प्रजातन्त्रको अभ्यास कसरी भईरहेको छ त्यसको जानकारी गराउनु ।

**विधि**

यस लेखमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस लेखमा मुख्यतया द्वितीय स्रोतहरुको प्रयोग गरिएको छ । प्रकाशित पुस्तक र जर्नल तथा अप्रकाशित शोधपत्र आदिलाई लेखको सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिएको छ ।

**विषय प्रवेश**

नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलनहरु र प्रजातन्त्रको अभ्यासलाई क्रमश संक्षिप्तरुपमा तल वर्णन गरिएको छ ।

१. नेपालको प्रजातान्त्रिक आन्दोलनलाई घटनाक्रम अनुसार ३ चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

(क) पहिलो आन्दोलन (ख) जनआन्दोलन - १ (ग) जनआन्दोलन - २

**(क) पहिलो आन्दोलन**

वि.सं १९९३ मा गठित नेपाल प्रजा परिषदको राणा विरोधी आन्दोलन अगाडि बढिरहेको अवस्थामा वि.सं १९९७ माघ ६ गते गाथगादी ताकेको अभियोगमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई अंश सर्वस्व र ज्यान सजाय तथा टंक प्रसाद, रामहरि शर्मा, चुडाप्रसाद, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, गोविन्द प्रसाद उपाध्याय र बल बहादुर पाण्डेलाई अंश सर्वस्व र आजन्म कैदको सजाय, अन्य थुप्रै व्यक्तिहरुलाई तह तहको कैद सजाय दिईयो । यसै क्रममा वि.सं २००४ को नेपाल प्रजा पञ्चायतको सत्याग्रह, श्री ५ त्रिभुवनको गद्धी त्याग जस्ता घटनाहरुका कारण वि.स. २००७ साल फागुन ७ गते श्री ५ त्रिभुवनको शाही घोषणा मार्फत १०४ वर्षे जहाँनिया शासनको अन्त्य र प्रजातान्त्रिक शासनको स्थापना भई नेपालमा प्रजातन्त्रका लागी भएको प्रथम चरणको प्रजातान्त्रिक आन्दोलन समाप्त भएको थियो (प्रधान, २०४७) ।

**(ख) जनआन्दोलन - १**

वि.सं. २००७ मा राणा शासनको  विदाई गरियो भने वि.स. २००८ को जनतान्त्रिक संयुक्त मोर्चाको आन्दोलन, वि.स. २००८ को रक्षा दलको वि›ोह, वि.स. २०१० को भिमदत्त पन्तको वि›ोह, वि.स. २०१० को नेपाली कांग्रेसको सत्याग्रह, वि.स. २०१४ को प्रजातान्त्रिक मोर्चाको भ› अवज्ञा आन्दोलन का कारण वि.सं. २०१५ मा नेपाली कांग्रेसका सुवर्ण शमशेरको अध्यक्षतामा सर्वदलीय मन्त्रिमण्डल गठन गरियो र वि.सं. २०१५ फागुन ७ गते प्रतिनिधि सभाका लागि वालिग मताधिकारको आधारमा १०९ सदस्यीय संसदको निर्वाचन भयो (देवकोटा, २०३६) । वि.स. २००७ देखि वि.स. २०१५ बीचको अवधि संविधान सभाका निर्वाचन वा संसदको निर्वाचन भन्ने विषयमा लामो समय संर्घषमा गुज्रियो । अन्तत, संसदको निर्वाचन सम्पन्न भई वि. पि. कोईरालाको प्रधानमन्त्रित्वमा वि.सं. २०१६ मा प्रथम जन निर्वाचित मन्त्रिमण्डलको गठन भयो (मानन्धर र शर्मा, २०५३) । वि.सं. २०१७ सालको काण्डले वि.सं. २००७ का उपलब्धिलाई कुण्ठित मात्र गरेन यसले  राजनीतिक  गतिविधिमाथि नियन्त्रण गर्नुका साथै संसदीय व्यवस्थाको अन्त्य र निर्दलीय पंचायती व्यवस्थाको सुरुवात हुन गयो । वि.सं. २०१९ पुष १ गते श्री ५ महेन्द्रबाट पञ्चायती संविधान लागू गरियो र दलीय व्यवस्थाको ठाउँमा निर्दलीय व्यवस्थाको स्थापना हुन गयो । वि.स. २०२८ को झापा वि›ोह, वि.सं. २०२९ को नेपाली कांग्रेसको ›ोसो सशस्त्र संर्घष, वि.सं. २०३५/०३६ को विद्यार्थी आन्दोलन र जनमत संग्रह, वि.स. २०४२ को नेपाली कांग्रेसको सत्याग्रह, जनवादी मोर्चाको बमकाण्ड र वि.सं. २०४६ को जनआन्दोलन -१. महत्वपूर्ण प्रजातान्त्रिक आन्दोलन हुन (अधिकारी १९९८) । वि.स. २०४६ को जनआन्दोलन-१ ले वि.स. २०१७ मा स्थापित ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य मात्र गरेन यसले प्रजातन्त्रको पुर्नस्थापना गरि सक्रिय राजतन्त्रात्मक व्यवस्थालाई संवैधानिक राजतन्त्रको स्वरुपमा संकुचित गरिदियो । वि.स. २०४६ सालमा प्रजातन्त्रको पुन: स्थापना भई जनआन्दोलन -१ टुंËयो । वि.सं २०४७ मा

जारी प्रजातान्त्रिक संविधान र उक्त संविधान अर्न्तगत वि.सं. २०४८ सालमा बहुदलीय व्यवस्था अनुसार सम्पन्न संसदीय निर्वाचनले नेपालमा प्रजातन्त्रको पुर्न:स्थापनालाई संस्थागत गरेको पाइन्छ ( प्रधान, २०४७) ।

**(ग) जनआन्दोलन -२**

वि.स. २०४७ मा जारी नेपाल अधिराज्यको संविधान-२०४७ ले बहुदलीय संसदीय व्यवस्थाको, हिन्दु राज्यको र संवैधानिक राजतन्त्रको व्यवस्था गऱ्यो । वि.स. २०५२ साल फागुनमा २०४७ को संविधान नमान्ने, संसदीय पद्धतिमा विश्वास नगर्ने र संसदलाई बोकाको टाउको देखाई कुकुरको मासु बेच्ने थलोको रुपमा परिभाषित गर्ने शक्तिले संसदीय व्यवस्थाको विरुद्ध सशस्त्र वि›ोहको घोषणा गऱ्यो ( ढकाल, २०६८) ।

जसलाई नेपालको प्रजातान्त्रिक इतिहासमा माओवादी सशस्त्र द्वन्द्वको रुपमा परिभाषित गरिएको पाईन्छ । वि.स. २०५२ सालबाट सुरु भएको सशस्त्र माओवादी द्वन्द्व वि.स. २०६२/०६३ को आन्दोलन - २ भएर तत् पश्चात् भएका शान्ति सम्झातौमा आएर टुंËएको हो । वि. सं. २०६२-२०६३ मा प्रजातन्त्रको रक्षाको लागि गरिएको १९ दिनको जनआन्दोलन-२ द्वारा तत्कालीन राजा ज्ञानेन्›को सक्रिय राजतन्त्रको अन्त्य गरी (२०६३ साल वैशाख ११ गते) लोकतन्त्र स्थापना भएको घोषणा गरियो । तसर्थ हरेक वर्ष वैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा मनाइन्छ ।

जनआन्दोलनले नेपालको प्राचीन इतिहास कालदेखि चलिआएको राजतन्त्रात्मक व्यवस्थालाई गणतन्त्रमा, पृथ्वीनारायण शाहबाट भएको एकिकरण र तत् पश्चात् स्थापित केन्›िय प्रणालीलाई विस्थापन गरी पुन: संघीय ढाँचामा नेपाललाई लैजाने काम भयो साथै एकिकृत हिन्दु राजतन्त्रात्मक राज्य धर्म निरपेक्ष गणतन्त्रात्मक राज्य प्रणालीमा परिवर्तन हुन पुग्यो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा २७ को प्रावधान अनुसार राजा ज्ञानेन्द्रले २०५९ असोज १८ र २०६१ माघ १९ गते शाही कदमबाट कार्यपालिकीय अधिकारलाई हातमा लिई धारा १२७ र धारा ७२ को अभ्यास गरी राज्य संचालन गर्ने महत्वोकांक्षी काम गरेका थिए । वि.सं. २०६२/०६३ को जनआन्दोलन-२ मा राजा विरुद्ध छुट्टा-छुट्टै लड्दै आईरहेका माओवादी र संसदवादी दल बीच भारतको राजधानी दिल्लीमा भारत सरकारका अधिकारीको रोहवरमा आन्दोलनको समझदारी तय भयो र आन्दोलनरत सात राजनीतिक दल र माओवादी बीच वि.स. २०६२ मंसिर ७ गते १२ बुदे सहमति कायम भयो (पोखरेल, २०६३) । जस्को फलस्वरुप २०६३ साल वैशाख ११ गते लोकतन्त्रको स्थापना भई सोको उद्देश्य अनुरुप वि.स. २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले राजतन्त्रलाई खारेज गरी गणतन्त्र नेपालको घोषणा गरे पछि नेपाल गणतान्त्रिक राज्य बन्न पुगेको हो । यसरी चन्द्र शमशेरको समयमा सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह/अवरोह पार गरी आजको अवस्थामा आइ पुगेको छ ।

## २. नेपालमा प्रजातन्त्रको अभ्यास

वि.सं. २००७ सालमा राजा, कांग्रेस र राणाबीच त्रिपक्षीय दिल्ली सम्झौता मार्फत १०४ वर्ष पुरानो जहाँनिया राणा शासनको अन्त्य भई नेपालमा प्रजातन्त्रको प्रादुभार्व भयो जसको फलस्वरुप राजाले गुमेको अधिकार प्राप्त गरे, नेपालको अन्तराष्ट्रिय सम्बन्धको ढोका खुल्यो, राजनीतिक दलहरुले आफ्ना गतिविधीहरु खुल्ला रुपमा गर्न पाए, नेपाली जनताहरुले अधिकार प्राप्त गरे, प्रेसले स्वतन्त्रता पूर्वक कार्य गर्न पाए साथै नेपाली जनताहरुमा परिवर्तनको आशाका किरणहरु देखा परेका थिए । तर ११ (वि.सं. २००७-२०१७) वर्षको प्रजातान्त्रिक शासन व्यवस्था अर्न्तगत बनेका प्रधानमन्त्रीहरु (मातृका प्रसाद कोईराला, डा. के.आई. सिंह, तुलसी गिरी, वि.पि.कोईराला) ले संविधान सभाको चुनाव गराउन सकेनन् । शासकहरुले नेपाली जनताहरुको भावना अनुसार शासन संचालन पनि गर्न सकेको देखिएन भने प्रधानमन्त्री र राजा विच टकराव बढ्न गयो साथै राजनीतिक दलहरु विच आन्तरिक द्धन्दले उग्र रुप लिएको थियो (थापा, २०६६) । यिनै विषयहरुलाई मध्य नजर गरि महत्वकांक्षी राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १ गते दलहरुमाथि प्रतिवन्ध लगाउनुका साथै नेपाल अधिराज्यको संविधान २०१५ लाई खारेज गरि राज्यको शासन सत्ताको वागडोर आफ्नै हातमा लिएर शासन सञ्चालन गरेका थिए ।

वि.सं. २०१७-२०४६ को ३० वर्षे राजाको सक्रिय शासनको विरुद्धमा तथा प्रजातन्त्रको पुन: स्थापनाको लागी नेपाली कांग्रेस र संयुक्त बाम मोर्चाले स्वर्गीय गणेशमान सिंहको नेतृत्वमा वि. सं. २०४६ सालमा जनआन्दोलन-१ भएको थियो भने उक्त आन्दोलन मार्फत नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुन: स्थापना भएको थियो । वि. सं. २०४६ सालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भई त्यही सरकार मार्फत नेपाल अधिराज्यको संविधान-२०४७ घोषणा गर्नुका साथै २०४८ सालमा आम संसदीय निर्वाचन सम्पन्न गरियो भने वि. सं. २०५१ सालमा मध्यावधी र २०५६ सालमा आम संसदीय निर्वाचन सम्पन्न गरियो । यो अवधीमा नेपाली कांग्रेसले एकमना सरकार चलाउने अवसर प्राप्त गरेको थियो भने नेकपा एमालेले पनि संसदको सवै भन्दा ठुलो दलको हैसियतले ९ महिना सरकार चलाउने मौका पाएको थियो । संसदमा स्पष्ट बहुमतको अभावमा संयुक्त सरकारले शासन संचालन गरेको पनि थियो (पोखरेल, २०६३) । वि.सं २०४८ देखि २०५९ साल सम्म राजनीतिक दलहरु भित्रको गुट वन्दी, खिचातानी र सत्ता प्रतिको आशक्तीले गर्दा नेपालको प्रजातान्त्रिक शासन व्यवस्था अस्तव्यस्त, प्रभावहिन र लक्ष्य विहिन भएको देखिन्छ ।

वि.सं. २०६२/०६३ को सात राजनीतिक दल र माओवादी द्वारा गरिएको १९ दिने संयुक्त जनआन्दोलन-२ द्वारा स्थापित लोकतन्त्रले नेपाली जनतामा फेरी नयाँ आशाको किरणको विजारोपण गऱ्यो । लोकतन्त्रको स्थापना पछि नेपालको राजनीतिक ईतिहासमा २००७ साल देखिको नेपाली जनताहरुको अधुरो ईच्छा: संविधान सभाको विर्वाचन सम्पन्न गरियो साथै संविधान सभाद्वारा नेपाललाई गणतन्त्रात्मक संघीय राज्यको रुपमा घोषणा पनि गरियो । तर पनि राजनीतिक दल र तिनका शिर्षस्थ

नेताहरुद्वारा संविधान, कानुन, प्रजातन्त्रको मुल्य, मान्यता र आदर्शको घाटी रेट्ने कार्य बारम्वार हुदै आईरहेको छ (ढकाल, २०६८) । २०६३ साल देखि २०८० साल सम्म आईपुग्दा लोकतन्त्र र संघीयताको नाममा नेपाली जनताहरुलाई निराश वनाउने, आर्थिक भार थप्ने, नेपालको अन्तराष्ट्रिय छविलाई गिराउने र प्रजातन्त्र/लोकतन्त्र शब्दको अवमूल्यन गर्ने कार्य हुँदै आरहेको दखिन्छ जुन प्रजातन्त्र/लोकतन्त्रका पक्षधर वा हिमायतीहरुका लागि दु:खद मानिन्छ ।

नेपालको राजनीतिक व्यवस्थाको परिवर्तनको ईतिहासलाई हेर्दा नेपाली जनताहरुद्धारा प्रजातन्त्रका लागि विभिन्न कालखण्डमा गरिएका आन्दोलन र वलिदान मार्फत स्थापित प्रजातन्त्र, पुन: स्थापित प्रजातन्त्र तथा लोकतन्त्रलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ तर नेपालले चार दशक भन्दा बढि समय प्रजातन्त्रको अभ्यास गरेको पाईन्छ भने प्रजातान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य, मान्यता, विधी एकातिर र शासन व्यवस्था अर्को तिर भएको पाईन्छ । जन निर्वाचित जनप्रतिनिधीहरुद्वारा सापेक्ष बहुमतका आधारमा शासन संचालन गरिनुलाई नै प्रजातन्त्र भनेर परिभाषित गर्ने कार्य राजनीतिक दल, शिर्षस्थ नेता, नोकरशाही, संचार जगतले गर्नु प्रजातन्त्रको मूल मर्म र भावनाको विपरीत रहेको पाईन्छ । नेपालको संसदीय प्रजातन्त्रमा जनता स्वयंम् सहभागी नभई जनताद्वारा निर्वाचित/चुनिएका जनप्रतिनिधीहरुद्वारा देशको कानुन बनाउने तथा शासन सञ्चालन गर्ने प्रचलन चलि आएको छ । विश्वमा प्रचलनमा रहेको प्रजातान्त्रिक व्यवस्थाहरुमध्ये बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था अपनाएको नेपालमा दलहरुले आृना सांसदहरु माथी दलीय ह्वीप मार्फत नियन्त्रण गर्न सक्ने व्यवस्था र अभ्यासका कारण जनादेशको उल्लैन हुन गई संसदको सर्वोच्चता केवल नारामा मात्र सिमित भएको पाईन्छ जुन प्रजातन्त्रको लागि अभिशाप सिद्ध हुन पुगेको छ । किनभने राजनीतिक दल भनेको प्रजातन्त्रको आधार स्तम्भ हुन् तर नेपालमा त आधार स्तम्भले नै प्रजातन्त्रलाई समाप्त पार्ने कार्य गर्दे आईरहेको पाइन्छ ।

नेपालमा प्रजातन्त्रको मर्म, भावना र उद्धेश्य अनुसार शासन संचालन भएको पाईदैन । राज्य सञ्चालनका हरेक संयन्त्रमा सिमित ठालु वर्गहरुले आृनो र विदेशी-शक्ति केन्›को स्वार्थ परिपूर्ती गर्नका लागि नेपाली जनताहरुको विश्वास र भावना संग खेल्दै आईरहेको कारण नेपालमा प्रजातन्त्र केवल नाम वा सिदान्तमा मात्र सिमित भएको आभाष पाईएको छ (रेग्मी, २०५३) । प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र जेसुकै नाम दिएता पनि प्रजातन्त्र/लोकतन्त्रको नाममा मनाईने दिवसहरु राज्य शक्तिको श्रोतको रुपमा चिनिन्छन् । खाली नाम परिवर्तन मात्र भएर के गर्नु, व्यवस्था परिवर्तन भएर के गर्नु, राज्य संचालक उही व्यक्ति नै भएपछि । सोच र कार्य शैलीमा खासै परिवर्तन नआउनाले नेपाली जनताहरुको दैनिकी दिन प्रतिदिन अझ कष्टकर वन्दै गईरहेको देखिन्छ ।

विदेशी शक्तिको स्वार्थका प्रभावमा परि राजनीतिक दलका सिमित शिषर्स्थ नेताहरुका स्वार्थ पूर्तिका लागि ल्याईएका परिवर्तनहरुले नेपाली जनताको जीवनमा खासै बदलाव वा सुधार ल्याउन सकेको पाईदैन जस्को फलस्वरुप नेपाल र नेपालीको भलो चिताउने देश विदेशमा रहनु भएका आम नेपालीहरु

तथा विश्व समुदायहरुमा प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र प्रति नै वितृष्णा वा नैराष्यता छाएको पाइन्छ । राजनीतिक दललाई प्रजातन्त्रको प्रमुख आधार स्तम्भका रुपमा लिइन्छ । राजनीतिक दल बिना प्रजातन्त्र पानी बिनाको माछा जस्तै हुन्छ । राजनीतिक दल प्रजातन्त्रको मुटु हो (थापा, २०६६) । तर नेपालको सन्दर्भमा राजनीतिक दलहरुले आृना गलत क्रियाकलापद्वारा प्रजातन्त्रलाई मजबुत बनाउनुको सट्टा कमजोर बनाउदै आईरहेका छन् । राजनीतिक दलहरुको शक्ति भनेको नै त्यस दलको आदर्श, सिद्धान्त, नीति, उदेश्य हुन जुन भाषण र शब्दमा मात्र सिमित हुन पुगेको पाइन्छ भने राजनीतिक दलहरुको शक्तिको केन› पार्टीको कार्यालयबाट प्रमुख नेताको निवासमा रुपान्तरण भएको पनि देखियो ।

राज्य संचालनको जिम्मेवारी पाएका प्रमुख राजनीतिक दलका नेताहरु व्यक्तिगत स्वार्थ, पारिवारिक स्वार्थ, गुटगत स्वार्थ, पार्टीगत स्वार्थ भन्दा माथी उठेर काम गर्न नसक्नु, सधै शक्ति र सत्ता प्राप्तका लागि अनैतिक र गैर-कानुनी काम गर्न तत्पर रहनु, जनताद्वारा चुनिएका प्रतिनिधीहरुलाई पार्टीको ह्विप मार्फत आृनो विवेक प्रयोग गर्न बन्देज लगाउनु, राजनीतिक दल र त्यसका शिर्षस्थ नेताहरुलाई जे गर्न पनि छुट दिनु, निर्वाचन आयोगको भुमिका प्रभावकारी नहुनु, नो भोटको व्यवस्था नगरिनु, धेरै पटक राज्यका प्रमुख पद तथा संयन्त्रभित्र सापेक्ष बहुमतको आधारमा निर्वाचित हुने वा चयन गरिने परिपाटीले प्रजातन्त्र वा लोकतन्त्रलाई धमिराले खाए जस्तो गरी खाँदै गईरहेको आभाष प्रजातन्त्रका पक्षधर तथा हिमायतीहरुले गरेको पाइन्छ (पोखरेल, २०६३) ।

प्रजातन्त्रमा कानुनी राज्य, कानुनको नजरमा सबै समान भनिएता पनि नेपालका राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, प्रदेशका प्रमुख र मुख्यमन्त्रीहरुले एक पटक मात्र हैन धेरै पटक जानेर पनि नजानेको वा नबुझेको जस्तो तरिकाले बारम्बार संविधानको उल्लंघन गरेका घटनाहरु प्रसस्तै छन् साथै यस्ता विषयहरुमा संविधानको संरक्षक, अन्तिम ब्याख्या कर्ता साथै राज्यको तेस्रो अंगको रुपमा रहेको सर्वोच्च अदालतले उनीहरुद्वारा गरिएका कार्यहरुलाई असवैधानिक घोषित गरि खारेज गरिदिएता पनि उनीहरुले गरेको गल्तीका विषयमा सामान्य नसिहत पनि नदिई उन्मुक्ति दिनुले नेपालमा प्रजातन्त्रको मर्म, भावना अनुसार राज्यका प्रमुख अËहरुले इमान्दारीका साथ आृनो कार्य गरेको पाइँदैन त्यसका कारण नेपालमा संचालित शासन व्यवस्थालाई प्रजातन्त्र नभनेर शासकतन्त्र भन्दा कुनै अयुक्ती नहोला । नेपालमा राज्यका सम्पूर्ण संयन्त्रहरु जनताप्रति उत्तरदायी नभएर शासक वर्गप्रति उत्तरदायी भएको र शासक वर्गको इच्छा र आदेश अनुसार संचालित भईरहेको पाइन्छ । यसमा पनि मुख्यतया: सुरक्षा निकायसँग सम्बन्धित संयन्त्रहरु । सुरक्षा निकायलाई शासकप्रति नभएर जनताप्रति उत्तरदायी बनाउन नसकुन्जेलसम्म नेपालीहरुले प्रजातन्त्रको वास्तविक प्रत्याभूती गर्न असम्भव देखिन्छ । नेपालमा प्रजातन्त्रको नाममा लुटतन्त्र र मनपरी तन्त्रले हालीमुहाली गरिरहेको छ । नेपाली जनताहरुलाई सेवा प्रदान गर्ने कर्मचारीतन्त्र जसलाई स्थायी सरकार पनि भनिन्छ उनिहरुले आृनो कर्तव्य र दायित्व भुलेर राजनीतिक दलहरुको स्वार्थ पूर्तिका लागि कार्य गर्नु, व्यापारी, उद्योगी र दलालहरुको प्रभाव र

प्रलोभनमा परी नेता र व्यापारीहरु विच विचौलियाको भुमिका खेल्नु, आर्थिक प्रलोभनमा परी गलत कार्य गर्नु, भ्रष्टाचारलाई प्रसय दिनु, अख्तियारको दुरुपयोग गर्नु जस्ता कार्यहरुले गर्दा प्रजातन्त्रको महसूस आम नेपालीहरुले गर्न सकिरहेका छैनन् (थापा, २०६६) ।

प्रजातन्त्रदेखि लोकतन्त्र हुँदै गणतन्त्रसम्म आईपुग्दा पनि नेपाली जनताहरुको जीवन स्तरमा गिरावट आउनु, अर्न्तराष्ट्रिय जगतमा नेपालको छवी तथा विश्वासनियतामा कमी आउनु, देशको शासन संचालन विदेशीहरुको इशारा र स्वार्थ अनुसार हुनु, दक्ष र युवा जनशक्तिलाई बैदेशिक रोजगारीमा जान बाध्य बनाउने आवस्थालाई बढ्दो क्रममा निरन्तरता दिनु, जस्ता गैर जिम्मेवार कार्यहरु देशका प्रमुख शासक वर्ग तथा राजनितीक दलका नेताहरुद्वारा गरिनुले प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र जे भनेता पनि यि शब्दहरु शाब्दिक झेल र हामी नेपाली जनताहरुले बुझ्न नसकेको खेल हो भनेर भन्दा फरक नपर्ला । प्रजातन्त्रको नाममा सिमित राजनीतिक दल र त्यसका शिर्षस्थ नेताहरुको मिलोमतोमा प्रकृया पुऱ्याएर बहुमतको नाममा सदिऔं वर्षदेखि कायम रहेको हिन्दु राज्यलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्ने काम पनि गरियो जुन दुर्भाग्यपूर्ण मानिन्छ । पूर्ण बहुमतको आधारमा राज्य संचालन गरिनु पर्ने प्रजातन्त्रको मूल मर्मको विपरीत सापेक्ष बहुमतको आधारमा जन प्रतिनिधीहरुले बारम्बार तथा लामो समय सम्म शासन संचालन गर्नु अप्रजातान्त्रिक कार्य हो भने राजनीतिक दल तथा शासक वर्गको यस्तो क्रियाकलाप प्रति जनताको विमती स्वरुप निर्वाचनमा जन सहभागिता घट्नु अर्को र्दुभाग्यपूर्ण र सोचनीय विषय हो । वास्तवमा भन्नु पर्दा अल्पमतले बहुमत माथी शासन गरिरहेको प्रजातान्त्रिक शासन व्यवस्था नेपालमा पनि छ भन्दा कुनै अयुक्ति नहोला । प्रजातन्त्रको छुट्टै नमुना परमादेशद्वारा सरकार निर्माण भई राज्य सञ्चालन पनि गरिएको पाइन्छ । नेपालमा प्रजातन्त्रले नेपालीहरुको मन मुटु छोएको पाइदैन, प्रजातन्त्रप्रति उत्साह र महत्व घटेर प्रजातन्त्र दिवसको दिन राष्ट्रसेवक कर्मचारीहरुलाई उपस्थितिको लागि उर्दी जारि गर्न थालेको पनि पाइन्छ । प्रमुख प्रतिपक्षी भएर पनि सत्तामा साझेदारीको लागि सरकारलाई समर्थन गर्ने साथै प्रतिपक्षको सुविधा माग गर्ने तर राज्यका प्रमुख निकायहरुमा भाग बन्डा खोज्ने जस्ता च्याखे थाप्ने प्रजातन्त्र नेपालमा छ । एकातिर मिलेर चुनाव लड्ने र अर्कोतिर मिलेर सरकार बनाउने राजनितीक संस्कार पनि राजनितीक दलहरुले यहि प्रजातान्त्रिक व्यवस्थामा देखाएका छन् (थापा, २०६६) ।

नेपाली जनताहरुद्वारा संसदमा तेस्रो स्थान प्राप्त पार्टीले गठबन्धनको नाममा सरकारको नेतृत्व गर्ने, सरकारले लिने विश्वासको मत सम्बन्धी मतदानमा विपक्षी पार्टीका सांसदहरुले ̣लोर क्रस गरेर विश्वासको मतको पक्षमा मतदान गर्ने, सरकार परिवर्तन हुनसाथ नेपाल सरकारका प्रतिनिधी तथा विश्वास पात्रका रुपमा विदेशमा कार्यरत राजदुतहरुलाई तुरुन्त फिर्ता बोलाउने, बाहालवाला प्रधानमन्त्री तथा मन्त्रीहरु विदेशी राजदुतहरुलाई भेट्न राजदुतावास जाने, बाहालवाला महान्यायधिवक्ता र प्रहरी महानिरीक्षक जस्ता व्यक्तिहरुले तथ्य र वास्तवितविकतालाई नबुझि बाहालवाला गृहमन्त्रीको पक्षमा साँक्षीको रुपमा विज्ञप्ती जारी गर्ने तथा बयान दिने जस्ता कार्यहरु गरिनु, शक्ति तथा सत्तामा पुग्नका

लागि जुनसुकै बेला पनि बाहाना बनाएर पार्टी विभाजन गर्ने, एउटै प्रदेशमा एकै समयमा दुईजना मुख्य मन्त्रीहरु कायम रहने जस्ता अप्रजातान्त्रिक, जनभावनाको विपरित, नैतिकताहिन गतिविधीहरुले गर्दा प्रजातान्त्रिक शासन व्यवस्था भनेको सबै भन्दा खत्म तथा काम नलाग्ने व्यवस्था पो रहेछ भनेर बुझ्ने नेपालीहरुको संख्या दिनप्रतिदिन बढ्दै गईरहेको पाइन्छ । तसर्थ यसको विकल्प जतिसक्दो चाँडा खोज्नु हामी सबै नेपालीहरुको कर्तब्य र आवश्यकता हो भन्ने आभास सबै तिर भेटिन्छन् ।

राष्ट्रपती, प्रधानमन्त्रीवाट सत्ता प्रप्त गरि शक्तिमा पुग्न तथा सत्तालाई निरन्तरता दिनका लागि प्रजातान्त्रिक व्यवस्था र संविधानको भावनाको मर्म विपरीत बारम्वार कार्य गर्नु, संघका सभामुख र प्रदेशका प्रदेश प्रमुख तथा सभामुखले पनि आृनो पदीय जिम्मेवारी ईमान्दारिताका साथ निर्वाह नगरी राजनीतिक दलको ईशारामा गलत कार्य बारम्वार गर्नु, संविधान र व्यवस्थाको रक्षकको रुपमा रहेको न्याय पालिकाका न्यायमुर्तीहरुद्धारा एउटै प्रकृतिको राष्ट्रिय मुद्दामा फरक फरक निर्णय गर्नु, संसद जनताको प्रतिनिधित्व गर्ने थलो नभएर गणितिय आधारमा सरकार निर्माण गर्ने थलो बन्नु र उच्च पदीय जिम्मेवारीमा बसेका व्यक्तीहरु द्धारा खुलेआम पदको दुरुपयोग गर्नु, राष्ट्रिय ढिकुटीको दोहन गर्ने कार्यले निरन्तरता पाउनु, न्याय मुर्तीहरुमा राजनीतिक दलहरुको प्रभाव अप्रत्यक्ष रुपमा पर्नु, नेपाल प्रहरी नेपाल सरकार तथा नेपाली जनताहरु प्रति उत्तरदायी हुनु पर्नेमा वहालवाला गृहमन्त्रीको ईच्छा र आदेश अनुसार गृहमन्त्रीको व्यक्तीगत सुरक्षा दस्ता जस्तोको रुपमा संचालित हुनु, संचार माध्यमहरुले नेपालको संविधानले दिएको प्रेस स्वतन्त्रता सम्वन्धि अधिकारलाई गलत तरिकाले प्रयोग गर्नु, संचार जगतका केहि व्यक्ती वा संचारकर्मीहरुले आृना माध्यमहरुलाई आृनो व्यक्तीगत स्वार्थ पुर्ति गर्ने थलोको रुपमा मात्र स्थापित गर्नु, संचार क्षेत्र राजनीतिक दलको प्रभाववाट स्वतन्त्र वन्न नसक्नु, संचार क्षेत्रमा नैतिक मूल्य मान्यतामा ह्रास आउनु जस्ता घटनाहरुले नेपाली जनताहरुको प्रजातन्त्र प्रतिको आस्था र विश्वासमा व्यापक गिरावट आउनुका साथै नैराश्यता छाएको पाईन्छ । तसर्थ सम्वन्धित पक्षहरुले यि समस्याहरुको निराकरण यथा सक्दो चाडो नगरेको खण्डमा साथै नेपाली जनताहरुको आवश्यकता र भावनाको कदर नगरेको खण्डमा यो व्यवस्थाको आयु खासै लामो नरहला भन्न सकिंदैन ।

विश्वमा संचालनमा रहेका हरेक शासन व्यवस्थाका आ-आृनै गुण अवगुणहरु रहेका हुन्छन । विश्वको सर्वोकृष्ट शासन व्यवस्थामा परिचित प्रजातन्त्रका धेरै गुणहरु भएता पनि केहि अवगुणहरु पनि छन । यो शासन व्यवस्थामा जनताहरु विभिन्न राजनीतिक दलहरुमा विभाजित रुपमा संलग्न भएका हुनाले यस व्यवस्थामा एकताको अभाव रहन्छ । यो व्यवस्थामा जनमतको महत्वपूर्ण भुमिका तथा कदर हुनाले मताधिकारको दुरुपयोग हुने प्रवल सम्भावना रहन्छ । यो व्यवस्थामा कुनै पनि कुराको निर्णय गर्दा प्रकृया पुरा गर्नुपर्ने हुनाले साथै निर्णय प्रकृयामा समय लाग्ने हुनाले ढिलाई हुन्छ । यो व्यवस्थामा गुणात्मकलाई भन्दा संख्यात्मकलाई मात्र जोड दिइन्छ । यो शासन व्यवस्था महËो भएको हुनाले गरीब देशहरुको लागि अनुपयुक्त मानिन्छ ,यो व्यवस्थामा गफ धेरै र काम कम भएको प्रशस्त उदाहरण भेटिन्छन् (रेग्मी, २०५३) ।

प्रजातन्त्रको अवगुणका सन्दर्भमा भनाईनै छ । त्जभचभ बचभ लष्लभ ायषिक्ज ष्ल तजभ धयचमि ायच यलभ धष्कभ ऋबल। ञ्ज्ञयअचबअथ तजभचभायचभ, ऋभबलक तजभ चगभि या ायकि। विश्वमा संचालनमा रहेका शासन व्यवस्था मध्ये अधिकांश मुलकहरुले अवलम्वन गरेको संसारको सर्वोउत्कृष्ट व्यवस्था प्रजातन्त्र को विकल्पको रुपमा हालसम्म कुनै पनि व्यवस्था नदेखिएको वा स्थापित नभएको अवस्थामा प्रजातन्त्रको विकल्प केवल प्रजातन्त्र नै हुन सक्छ तर सुशासन, जवाफदेहिता र पारदर्शिता सहितको प्रजातन्त्र ।

**निष्कर्षः**

नेपालको प्रजातान्त्रिक आन्दोलनले लामो आरोह/अवरोह पार गर्दै आजको यस समयमा आई पुगेको छ । राणा शासनको अन्त्य तथा प्रजातन्त्रको स्थापनाको लागि चन्› शमशेरको समयदेखि सुरु भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न चरण पार गर्दै आज गणतन्त्रात्मक शासन व्यवस्था अगिंकार गरेको अवस्थामा आईपुगेको छ । वि. सं. २००७ साल फागुन ७ गतेका दिन १०४ वर्षको जहाँनिया राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना भएको हो तसर्थ हरेक वर्षको फागुन ७ गतेलाई राष्ट्रिय प्रजातन्त्र दिवसको रुपमा मनाउदै आइरहेको पाइन्छ । वि. सं. २०१५ सालमा सम्पन्न आम संसदीय निर्वाचनद्वारा अत्यधिक बहुमतका साथ नेपाली काँग्रेसका नेता वि. पि. कोइराला नेपालको प्रथम जन निर्वाचित प्रधानमन्त्री भएका थिए भने यो निर्वाचन नै नेपालको राजनितीक इतिहासमा वास्तवमा प्रजातन्त्रको पहिलो अभ्यास थियो ।

वि. सं. २००७ सालमा ल्याईएको प्रजातन्त्र वि. सं. २०१७ साल पुष १ गतेको दिन तत्कालीन राजा स्व. महेन्›द्वारा दलहरुमाथी प्रतिवन्ध लगाई प्रजातान्त्रीक शासन व्यवस्थामाथी पूर्ण विराम लगाइएको इतिहास सर्वविविद नै छ । वि. सं. २०४६ सालमा भएको जनआन्दोलन - १ द्वारा ३० वर्षे निर्दलीय पंचायती शासन व्यवस्थाको अन्त्य गरियो भने नेपाल अधिराज्यको संविधान-२०४७ द्वारा नेपालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना गरियो साथै यसै संविधानद्वारा नेपालको इतिहासमा पहिलो चोटी राजालाई संविधानभित्र राखी सबैधानिक राजतन्त्र पनि कायम गरिएको थियो । प्रमुख राजनीतिक दल र तिनको नेतृत्वले आृनो अनुकुल  नेपालको अवस्थालाई आन्दोलनको अन्तिम अवस्थाको रुपमा परिभाषित गर्दै आईरहेका छन् । वि.सं. २०४६ को जनआन्दोलन-१ पश्चात तत्कालिन आन्दोलनरत दलहरुः नेपाली कांग्रेस र बाम मोर्चाले संसदीय पद्धतिको विकल्प नरहेको र वि.स. २०४७ को संविधानलाई संसारकै उत्कृष्ट संविधान घोषणा गरी तत पश्चात् कुनै प्रकारको प्रजातान्त्रिक आन्दोलनको औचित्य नरहेको तर्क गरेका थिए । प्रमुख राजनीतिक दलका शिर्षस्र्थ नेताहरुबाट यस्ता अभिव्यक्तिहरु दोहोरी रहनुलाई उनीहरुको बुझाई र दुरदर्शितामा कमी रहेको आभाष हुन्छ जस्ले प्रजातन्त्रलाई कमजोर बनाउदै आईरहेको पाइन्छ ।

वि. सं. २०६५ साल जेठ १५ गतेका दिन संविधान सभाद्वारा नेपाललाई गणतन्त्रात्मक मुलुक घोषणा गरी राजतन्त्रलाई सदाको लागि विदा गरिएको हो । तसर्थ हरेक वर्षको जेठ १५ गतेलाई गणतन्त्र दिवसको रुपमा मनाउदै आईरहेका छौं । प्रजातन्त्र प्राप्तीका लागि नेपाली जनताहरुले वि. सं. १९९७, २००७, २०१७, २०३६, २०४६ र २०६२-०६३ सालमा जनआन्दोलन गर्दे आईरहेको साथै उनीहरुको वलिदानद्वारा नेपालमा प्रजातन्त्र स्थापित हुन सफल भएको इतिहास जिवितै छ । प्रजतन्त्रको प्राप्ती पछी राज्यका प्रमुख संयन्त्रहरुले आृनो जिम्मेवारी तथा दायित्व ईमान्दारीताकासाथ निभाउन नसक्दा, राज्यको प्रमुख संयन्त्रहरुमा पदासिन प्रमुख संचालकहरुद्धारा त्यस पदमा पुगेर त्यो पदको उपयोग आृनो व्यक्तिगत, परीवारीक र पाटीगत फाईदाका लागि गरिनु, राष्ट्रिय ढिकुटीको दोहन गरि व्यक्तिगत जिवन सम्पन्न र सुदृढ गर्ने परिपाटी बद्दो क्रममा हुनु, राम्रो भन्दा पनि हाम्रो भन्ने चलनले प्राथमिकता पाउनु, सहि ठाँउमा सहि मान्छेलाई जिम्मेवारी नदिनु जस्ता कार्यहरुले प्रजातान्त्रिक शासन व्यवस्थाको उपहास गरेको देखिन्छ । प्रजातान्त्रिक आन्दोलन गतिशील तथा निरन्तर चलिरहने आन्दोलन भएकाले अभ्यासको क्रममा त्यसमा दखिने विकृतिले आन्दोलनलाई प्रेरित गरिरहेको हुन्छ । तसर्थ नेपालका शासक वर्ग र तिनको नेतृत्वकर्ताको गतिविधीहरुले नेपालको भावी प्रजातान्त्रिक आन्दोलनको स्वरुपको औचित्यता निर्धारण गर्ने छन् भन्दा कुनै अयुक्ति नहोला । शासक वर्ग,राजनीतिक दलहरु तथा कर्मचारीतन्त्रले आृनो सोच र कार्य शैलीमा परिवर्तन ल्याएर अलिकती भए पनि प्रजातन्त्रको आभाष नेपाली जनताहरुलाई दिन नसकेको खण्डमा यो व्यवस्था र यसका प्रमुख संचालकहरुको विकल्प खोज्न नेपाली जनताहरु बाध्य र आतुर रहनेछन् भन्दा फरक नर्पला ।

## सन्दर्भ ग्रन्थसूची


### पुस्तक

अधिकारी, सूर्यमणि (१९९८),*नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नयाँ दिल्ली: निरौला पब्लिकेशन ।

देवकोटा, गृमबहादुर (२०३६), *नेपालको राजनीतिक दर्पण भाग १ र २,* काठमाडौः ध्रुवबहादुर देवकोटा ।

प्रधान, भुवनलाल (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौः रुम प्रकाशन ।

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३), *आधुनिक नेपालको राजनीतिक इतिहास* (वि.स. २००७-२०१९) काठमाडौः सिनास ।

मानन्धर, त्रिरत्न (२०४८), *नेपालको इतिहासमा जंगबहादर,* काठमाडौः अदिती प्रकाशन ।

थापा, मोहन शम्सेर (२०६६), *नेपालको शासन, प्रशासन र राजनीति,* काठमाण्डौं : क्षितिज प्रकाशन ।

पोखरेल, कृष्ण (२०६३), *नेपालको शासन र प्रशासन,* काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रीब्यूटर्स ।

रेग्मी, शिरीषचन› (२०५३), *राजनीतिशास्त्रको परिचय,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

### अप्रकासित कृति

ढकाल, रामकृष्ण (२०६८), नेपालमा प्रजातन्त्रः एक परिचय, स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र केन्द्रीय विभाग, किर्तिपुर, काठमाडौं ।

### जर्नल

राजनीतिशास्त्रको जर्नल, (२०५५), राजनीतिशास्त्र केन्द्रीय विभाग, किर्तिपुर, काठमाडौं ।